"यथार्थ विचार र तथ्य समाचारका लागि"

# हाम्रो तेस्रोआँखा

HAMRO TESROAANKHA DAILY

दैनिक

## सेभेन स्टार फेसन सेन्टर

हामी कहाँ, वच्चावच्ची देखी वृद्धवृद्धा सम्मका सम्पुर्ण उमेर समुहका व्यक्तिहरूका लागी स्वदेशी तथा विदेशी फेन्सी कपडा सस्तो, सुलभ दररेटमा पाईने दैलेख जिल्लाकै मुटु देवकोटा चोकमा रहेको एक मात्र ठाउँ सेभेन स्टार फेसन सेन्टरलाई सम्झिनुहोस् ।

***नोट-:*** सहज, सरल र स्तरिय यात्राका लागी चौविसै घण्टा गाडि रिर्जवको पनि व्यवस्था छ ।

सम्पर्क ९८४३०२७०६६

● वर्ष ७ अंक १८७ ● २०७५ माघ २९ गते मंगलवार TUE 12 February 2019 पृष्ठ ४ मुल्य रु. ५ रुपैयाँ ।-

# पहाडलाई ध्यान दिएर योजना बनाउनु पर्नेमा जोड

**❒तेस्रोआँखा समचारदाता**

**माघ २८, सुर्खेत**

कर्णाली प्रदेशको पहाडि भु-भागलाई ध्यानमा राखेर सिँचाईको योजना बनाउनु पर्ने आइतबार वीरेन्द्रनगरमा आयोजित एक कार्यक्रमका सहभागीहरूले जोड दिएका छन् ।



आईतवार वीरेन्द्रनगरमा आयोजित सिँचाई गुरूयोजना मस्यौदा सम्बन्धी कर्णाली प्रदेश स्तरीय परामर्श गोष्ठीका सहभागीहरूले यस्तो बताएका हुन् । कर्णालीलाई कृषिमा आत्मनिर्भर बनाउन जरूरी भएको भन्दै पहाडि भुभागलाई ध्यानमा राखेर योजना बनाउनु पर्ने सुझाव दिएका छन् ।

कार्यक्रममा कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाले कर्णालीको स्रोत कर्णालीमै प्रयोग गर्ने वातावरण बनाउनु पर्ने बताए । 'कर्णाली प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउन सके यहाँको समृद्धि सम्भव छ' उनले भने, 'त्यसका लागि खेतीयोग्य जमिनमा सिँचाईको व्यवस्था गर्न पनि जरूरी छ ।' उनले कर्णालीको समृद्धिका लागि भेरीबबई डाइभर्सन आयोजनमा कर्णालीको पहिलो हक लाग्ने दावी गरे ।

भेरी बबई आयोजना निर्माण पछि बाँके बर्दियाले सुविधा पाउने र विद्युत उपयोगका लागि कर्णाली प्रदेशले प्रयोगका लागि हक पाउनु पर्ने उनको भनाई छ । 'भेरी बबई आयोजना बन्दा भेरी आसपासका किनारहरु सिँचाई नहुने पानी ५ नम्बर प्रदेशमा जाने र त्यहाँ सिँचाई गर्ने भनिएको छ,' मन्त्री ज्वालाले भने, 'हामी पानी नदिने भन्दैनौं, हाम्रो पानी लगेवापत हामीलाई उक्त आयोजनाबाट उत्पादित ४८ मेघावाट बिजुली दिनुपर्छ ।' स्थानीय जनप्रतिनिधि, सरोकारवाला सबैसँग बसेर पहिले सिँचाइबारे छलफल गर्नुपर्छ र त्यही आधारमा परियोजना बनाउनु पर्ने उनले बताए ।

कार्यक्रममा भौतिक पूर्वाधार मन्त्री खड्क खत्रीले यहाँको जमिनमा साँच्चै सिँचाइ गराउने हो भने सम्बन्धित एक टीम कर्णालीमा नै बस्नुपर्नेमा जोड दिए । उनले त्यसैका आधारमा योजना बनाई कर्णालीलाई रुपान्तरण गर्न सकिने

वाँकि ३ पेजमा

# नेकपा कार्यदलमा भाँडभैलो,

**❒तेस्रोआँखा समचारदाता**

**माघ २८, काठमाण्डौ**

संगठनात्मक एकीकरण टुंग्याउन गठित नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को कार्यदलमा विवाद भएको छ। गत सोमबार बसेको पार्टी सचिवालयको बैठकले मंगलबारभित्रमा एकताको प्रस्ताव सहितको प्रतिवेदन बुझाउन निर्देशन दिएको थियो।

तर, दुई दिन पछि बिहीबार बसेको कार्यदलको बैठकमा संयोजक रामबहादुर थापा 'बादल'ले तीन पाने प्रतिवेदन प्रस्तुत गरेपछि बैठकमा विवाद भएको शुक्रबारसम्म अध्ययन गर्ने भन्दै स्थगित भएको एक सदस्यले जानकारी दिए।

'सचिवालयले जति काम भएको छ, त्यही समेटेर प्रतिवेदन बुझाउनू भनेर निर्देशन दिएको छ । त्यही आधारमा प्रतिवेदन तयार पारिएको छ, यसमै छलफल गरेर टुंगोमा पुगौं र यही बुझाऊँ' भन्दै संयोजकले तीन पाने प्रतिवेदन ल्याउनु भएको रहेछ, त्यसमा हामी सहमत हुन सकेनौं, असन्तुष्टतर्फका एक नेताले भने।

स्रोतका अनुसार कार्यदललाई निस्क्रिय बनाएर सचिवालयले नै एकता टुंग्याउने तयारी अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डको छ। बिहीबारमात्रै अध्यक्ष प्रचण्डले चितवनमा कार्यदल असक्षम भएको सन्देश दिन नचाहेको एक कार्यदल सदस्य बताउँछन्।

तीन-चारदिन बैठक बस्ने हो भने एकता प्रक्रिया सबै टुंगो लगाउन सकिन्छ । स्थायी कमिटीले पनि त्यही म्यान्डेट दिएको हो, उनले भने, बैठक पनि नबसाउने, सचिवालयले निर्देशन दियो भन्दै तीन पाने प्रतिवेदन ल्याएर कार्यदल विफल भएको सन्देश दिन हामीले चाहेनौं।

स्रोतका अनुसार अहिलेसम्म कार्यदलले विधानको मात्रै टुंगो लगाएको छ । प्रदेश कमिटी हेरफेर, केन्द्रीय सदस्यहरुको कार्यविभाजन, पोलिट्ब्युरो गठनको प्रस्ताव, केन्द्रीय निकाय र विभागआदि गठनमा कार्यदल प्रवेश नै गर्न सकेको छैन।

गत पुस १२ गते सकिएको बैठकले एकता प्रक्रिया टुंग्याउन थापाको संयोजकत्वमा महासचिव विष्णु पौडेल, सुरेन्द्र पाण्डे, वर्षमान पुन, शंकर पोखरेल, योगेश भट्टराई, बेदुराम भुसाल, लेखराज भट्ट, रघुवीर महासेठ सदस्य रहेको कार्यदल बनाएको थियो । पुस २६ गतेभित्र एकीकरणको प्रस्ताव पेश गर्न भनिए पनि 'टीओआर'मै विवाद भएपछि कार्यदल अघि बढ्न नसकेको एक सदस्य बताउँछन्।

प्रदेश कमिटी पुर्नगठन प्रस्तावमा महासचिव पौडेलले अघिल्लो कार्यदलले

वाँकि ३ पेजमा

## हार्दिक वधाई



गाउँपालिका राष्ट्रिय महासंघ नेपालको प्रथम प्रदेश अधिवेशनवाट गाउँपालिका राष्ट्रिय महासंघ कर्णाली प्रदेशको उपाध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा सफल कार्यकालको **शुभकामना** सहित हार्दिक वधाई ज्ञापन गर्दछौं ।

**प्रकाशक**

**मनोज थापा**

**एवं हाम्रो तेस्रोआँखा दैनिक परिवार दैलेख**

## डिस होम चाहिएमा आजै सम्पर्क




**सम्पर्क : एभरेष्ट कम्प्यूटर, चारखम्बा नजिक दैलेख**

**०८९-४२०६४८, ९८४८१७१५८२,९८६८१५७३२३**

## महाँवु ईन्टरप्राईजेज, दैलेख

उच्चस्तरीय कोरियन कच्चा पदार्थद्धारा बंगलादेशमा निर्माण गरिएको EPS-प्यानल प्रिफेव हाउस (घर) निर्माण गर्नु परेमा आजै सम्पर्क राखौं ।

-भुकम्प प्रतिरोधात्मक, ६० वर्षको ग्यारेन्टी ।
-हल्का तौल, छिटो निर्माण गर्न सकिने ।
-सस्तो, शुलभ, आकर्षक, वातावरणमैत्री तथा ध्वनी प्रतिरोधात्मक ।
-एक ठाउँवाट अर्को ठाउँमा सजिलै सार्न सकिने मोवाईल हाउस ।
-माईनस १० डिग्रि सेल्सियस सम्मको तापक्रममा पनि समायोजन हुने ।
-भिन्न-भिन्न कलर र साईजमा उपलव्ध ।



**प्रो. प्रकाश कुमार वुढा**

**सम्पर्क फोन : ०८९-४१०१०३, मो. ९८४३७७२५९५/९८२४५६७८०१**

## सम्पादकीय . . . . . .

# सुरक्षाकर्मीको प्रयोग रोक !

राज्यका साधन, स्रोत र जनशक्ति व्यक्ति विशेषको निम्ति कसैको तजबिजमा प्रयोग गर्नु गराउनु प्रकारान्तरले भ्रष्टाचार नै हो। नेपालमा भने पहुँच र प्रभावका भरमा सुरक्षाकर्मी समेत व्यक्तिगत सहयोगीका रुपमा प्रयोग गरिएका छन्। तालिम प्राप्त सुरक्षाकर्मी कतिपय प्रभावशाली व्यक्तिहरुका घरमा घरेलु कामदारका रुपमा खटिएका छन् । सुरक्षाकर्मीको यस्तो दुरूपयोग रोक्नुपर्ने माग पटकपटक भए पनि अहिलेसम्म त्यसको सुनुवाइ भएको थिएन। हालै नेपाल प्रहरीले राजनीतिक नेता र प्रहरी अधिकारीको सुरक्षामा लागि भनेर खटाइएका २ सय ८० जना सुरक्षाकर्मीलाई फिर्ता बोलाएको छ । तिनलाई नेपाल प्रहरीकै बहालवाला र अवकाशप्राप्त अधिकारी तथा राजनीतिक  नेताहरूको सुरक्षामा खटाइएको थियो । यसबाट नेपाल प्रहरी धन्यवादको पात्र बनेको छ।

बहालवाला पदाधिकारीका लागि निश्चित मापदण्डअनुसार अंगरक्षकका रुपमा सुरक्षाकर्मी खटाउनु पनि अस्वाभाविक होइन । परन्तु, सेवा निवृत्त अधिकृत वा पदमा नरहेका राजनीतिक नेतृत्वको निम्ति पनि सुरक्षाकर्मीको समूह तैनाथ गर्नु भने उपयुक्त र न्यायोचित देखिँदैन। तालिम प्राप्त सुरक्षाकर्मीलाई व्यक्तिगत सेवाका लागि खटाउने चलन नेपाली सेना र सशस्त्र प्रहरी बलमा पनि छ। सेना र सशस्त्र प्रहरीका कतिपय अवकाशप्राप्त अधिकृतहरुको घरमा पनि सुरक्षाकर्मीहरु घरेलु सहयोगीका रुपमा कजाइएका छन् । बहालवाला अधिकृतहरुकै घरमा त झन् ठूलो संख्यामा सुरक्षाकर्मीलाई घरेलु कामदारका रुपमा काममा लगाउने गरिएको छ। नेपाली समाजमा बन्दुक बोकेका प्रहरी अघिपछि लगाएर हिँड्दा व्यक्तिको रबाफ नै बढेको ठान्नेहरुको संख्या ठूलै छ। यसैले राजनीति गर्ने वा सुरक्षा अधिकारीहरुले अनावश्यकरुपमा सुरक्षाकर्मीको लस्कर लिएर हिँड्ने गरेको देखिन्छ। सेवा निवृत्त अधिकृतहरु र राजनीतिक नेताहरुकहाँ खटाइएका प्रहरी फिर्ता बोलाएजस्तै बहालवाला अधिकारीहरुले प्रयोग गर्ने सुरक्षाकर्मीको लस्कर घटाउन पनि ध्यान जानुपर्छ।

सुरक्षाकर्मीका लस्कर अगाडिपछाडि लगाएर हिँड्दा आफ्नो रबाफ बढेको ठान्नेहरुलाई बाटामा भेटिने जनसाधारणले भने सरापिरहेका हुन्छन् । राष्ट्रपति र प्रधानमन्त्रीबाहेक अरुले अगुवापछुवा मोटरको लाम लगाएर हिँडेको सुहाएको पनि छैन । यसैले विशिष्ट व्यक्तिको आवागमन सुरक्षाकर्मी खटाउने विषयमा पुनर्विचार गर्नु आवश्यक देखिन्छ। साथै सशस्त्र प्रहरी बल र नेपाली सेनाले पनि सुरक्षाकर्मीहरुको आत्मसम्मानको पनि हेक्का राखेर उनीहरुलाई घरेलु कामदार बनाइनबाट जोगाउनपर्छ। सरकारले केही समय पहिले सुरक्षाकर्मीलाई घरेलु सहयोगी बनाउन नदिने निर्णय गरेको प्रचार गरिएको थियो। तर, त्यसको कार्यान्वयन भने भएको देखिएन । अब अवकाशप्राप्त अधिकृत र राजनीतिक नेताहरुको व्यक्तिगत सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई फिर्ता बोलाएर सबै सुरक्षा निकायका प्रमुखहरु धन्यवादका पात्र बन्नुपर्छ। सुरक्षाकर्मी  सुरक्षाका काममा मात्र  खटाइनुपर्छ। लोकतन्त्रको अनुभव त सुरक्षाकर्मीले पनि गरुन् न !


## रेडियो ध्रुवतारा सामुदायिक एफ. एम. ८९.८ मेगाहर्ज दैलेखवाट मंगलवार प्रसारण हुने कार्यक्रम तालिका

| विहानी सेवाका कार्यक्रमहरू | दिवा सेवाका कार्यक्रमहरू | रात्रीकालिन सेवाका कार्यक्रमहरू |
|---|---|---|
| ४:५५-५:०० सेवा सुचारु | १२:००-१२:१० News Hi Way | ६:००-६:३० खवर सेरोफेरो |
| ५:००-५:३० भजनहरु | १२:१०-१२:१५ विज्ञापन | ६:३०-७:०० लोकगीत |
| ५:३०-६:०० कर्णाली रैवार | १२:१५-१:०० ध्रुवतारा डवली | ७:००-७:१५ समबेदना |
| ६:००-६:३० कायाकैरन | १:००-२:०० लोकगीत | ७:१५-७:३० विज्ञापन |
| ६:३०-७:०० प्रदेश दर्पण | २:००-२:०५ News Hi Way | ७:३०-८:०० साझा खबर |
| ७:००-७:१५ सुचना र विज्ञापन | २:०५-२:१५ विज्ञापन | ८:००-८:३० नेपाल दर्पण |
| ७:१५-७:३० बि.बि.सि. नेपाली सेवा | २:१५-३:०० आधुनिक गीत | ८:३०-८:४५ विज्ञापन |
| ७:३०-८:०० स्वदेशगान | ३:००-३:१२ नेपाल खबर | ८:४५-९:१५ बि.बि.सि.नेपाली सेवा |
| ८:००-८:१० News Hi Way | ३:१२-३:१५ विज्ञापन | ९:१५-१०:०० कालजयी गीत |
| ८:१०-८:१५ विज्ञापन | ३:१५-४:०० चलचित्र संगीत | १०:००-१०:५५ खुलदुली डट कम |
| ८:१५-९:०० परिस्थीति विषेश | ४:००-४:०५ News Hi Way | १०:५५-११:०० सेवा समाप्त |
| ९:००-९:१० समवेदना | ४:०५-४:१५ विज्ञापन | सम्पर्क फोन नं. |
| ९:१०-१०:०० लोकगुञ्जन | ४:१५-४:५५ साथि संग मनका कुरा | +९७७-८९-४१००२०/२१२/१२१ |
| १०:००-१०:०५ News Hi Way | ४:५५-५:०० विज्ञापन | Email : dtfmdailekh@gmail.com dtfmnews@gmail.com |
| १०:०५-११:०० म्यूजिक मस्ती | ५:००-६:०० लोकगुञ्जन | web : www.dtfm.org |
| ११:००-१२:०० कोट्यालीकोसा | | |


facebook फेसवुकबाट facebook




# शून्य सहनशीलता



प्रकाश वस्ती . . .

'भ्रष्टाचार विरुद्धको शून्य सहनशीलता' यो वाक्य सुन्दा कर्णप्रिय लाग्छ । तर शब्दले माखा पनि मार्दैन । भ्रष्टाचारको गाथा शक्तिमा रहेका जोकोहीले पनि गाउँछन्, तर नियन्त्रण पटक्कै हुँदैन । पदमा रहुन्जेल भ्रष्टाचारसँग मैत्री सम्बन्ध गाँसि रहने र पदबाट हट्ने अन्तिम घडीमा भ्रष्टाचारको मुहान नै देख्ने शक्तिजीवीहरुको बानी पुरानै हो । आफूले भ्रष्टाचार र भ्रष्टाचारीलाई दपेट्न भगीरथप्रयत्न गर्न चाहेको, तर 'स्रोतसाधन र जनशक्ति अभावले' सफल नभएको लोरी गाएर गएको पनि देखिएकै हो । भ्रष्टाचारले आक्रान्त आममानिससँग भने आफैंभित्र आक्रोश सञ्चय गर्नुबाहेक उपाय छैन। यो आक्रोशको आगो बढ्दै गए केके हुन्छ भन्न सकिन्न । त्यसैले बेलैमा शक्तिजीवीहरुले सोच्न आवश्यक छ । कम्तीमा मुलुकमा भ्रष्टाचार किन नियन्त्रण हुन सकेन, कसले कुन दायित्व पूरा गर्न सकेन र आउँदा दिनमा केकसो गर्न जरुरी छ भन्ने छलफलसम्म सुरु हुन सके पनि चित्त बुझाउने बाटो हुनेछ ।

छलफल भ्रष्टाचार नियन्त्रण गर्न खडा गरिएका संवैधानिक संरचना अख्तियार दुरुपयोग अनुसन्धान आयोग (संक्षिप्तमा अख्तियार) बाट सुरु गरौं । देखिएको छ– अख्तियारलाई 'कहिले औंसी लाग्छ, कहिले पूर्णे' । के कुरा भन्न हिच्किचाउनु पर्दैन भने नेतृत्वको सोच, शैली र सक्रियतासँगै संस्थाको छविमा उतारचढाव आउँछ । वास्तवमै चाहे जेहोस् भ्रष्टाचार विरुद्ध केही गरौंस चाहे जोसुकै परोस्, भ्रष्टाचारी विरुद्ध केही गरौं भन्ने भावनाले अगाडि बढे संस्थाप्रति आशा एवं भरोसा बढ्छ । आफ्नो व्यक्तिगत कुण्ठा शान्त गरौं, आफैं बनौं आफ्नालाई बनाऊँ भन्ने सोचाइ राखे संस्था डुब्छ। र भ्रष्टाचार शूपर्णखाको मुखमा रुपान्तरित हुन्छ।

कानुनको कमी छैन, सोचमा संकुचन छस साधनस्रोत र जनशक्तिको अभाव छैन। तर कसरी, कसलाई र कहिले गर्ने इच्छाशक्तिको अभाव छ। आरोप, फायल र कागजातको अख्तियारलाई कहिल्यै अभाव हुँदैन । तर छनोट र प्राथमिकता निर्धारणमा सहमति गर्न भने सकस पर्छ। स्थिति परिर्वतन भएको भए बेग्लै कुरा हो, नत्र यो विगतको कटुसत्य यही हो। अझ कुनै समयमा त एकल निर्णयकै बोलवाला चल्यो । आफैं भित्रको 'बाहिर नदेखिने र भन्न पनि नमिल्ने' खालको समस्याले अख्तियारका गतिलाई अंकुश लगाइरहेका हुन्छन् ।

कानूनी सल्लाहकारकै रुपमा सही अख्तियारभित्रका मेरा छबर्से अनुभवले मलाई कहिलेकाहीँ पनि सताउँछन् । कुनै व्यक्ति विरुद्ध त्यसै बेला मुद्दा चलेको भए राष्ट्रले आज ठूलो नोक्सानी बेहोर्न पर्दैनथ्यो भन्ने सम्झनाले मलाई बेलाबेलामा पछ्याउँछ। खराब बानी जतिसुकै कपाल फुले पनि सुध्रिँदो रहेनछ मानिस जति सिँढी चढे पनि पैसाप्रतिको लिप्साजन्य आचरणले छाड्दो रहेनछ। र मानिसले जति ठक्कर खाए पनि खराब प्रवृत्तिबाट पन्छिँदो रहेनछ । 'नानीदेखि लागेको बानी' भन्ने दर्शन त्यसै जन्मेको रहेनछ। दुराचार र भ्रष्टाचार एउटै सिक्काको दुई पाटा रहेछन् भन्ने कुरामा म अझ बढी विश्वस्त छु।

अख्तियार स्वतन्त्र एवं स्वायत्त छ । लोकलाज र ईश्वरभय बाहेक यसलाई नियन्त्रण गर्ने कुनै कुरा छैनन्। तर लोकलाज र ईशभय दुवै अमूर्त एवं अदृश्य छन् । त्यसैले यी माने अंकुश हुन्, नमाने गफ मात्र । संविधानभित्रको महाअभियोगको प्रावधान आफ्नै कारणले गतिहीन र मतिहीन भइसकेको छ। तसर्थ अख्तियार आफ्नो कर्मठताको निर्धारक आफैं होस आफ्नो आरोपको न्यायिकपनाको जाँचकी पनि आफैं हो । मुटुमा मुलुकको माया र मस्तिष्कमा भ्रष्टाचाररुपी दानवसँग लड्ने भिड्ने साहसले राष्ट्रप्रतिको जिम्मेवारी पूरा गर्न सकिनेछ । अख्तियारका सञ्चालकहरुले के कुरा भुल्न भएन भने तीन करोड नेपालीमध्ये केवल पाँच जनाले इतिहास रच्न र नेपाल आमाको ऋण केही तिर्न पाएको यो अवसर हो।

रामायण पढिन्छ, वाल्मीकि पुजिन्छन् । वाल्मीकि हिजो रत्नाकार डाँकु थिए, कसैले सम्झिँदैनन्। रामायण रचेको सुकर्मले पुराना कुकर्म बिर्सन मानिस तयार हुन्छन्। भ्रष्टाचारले आक्रान्त नेपाली समाजका लागि त यो कुरा झन् बढी शाश्वत छ। जुनसुकै निकायका जोकोहीका हकमा यो नजिर आकर्षित हुन्छ।

आज अख्तियारसँग स्रोत, साधन र जनशक्ति केकस्तो छ, मलाई थाहा छैन। तर यस विषयमा अख्तियारभित्रबाट सञ्चार माध्यममा गुनासो आएको छ जस्तो लाग्दैन। कानुन अभाव पनि छैन। अनुचित कार्यमा निर्देशन दिने अधिकार संविधानबाट नझिकिनुपर्ने थियो। सर्वोच्च अदालतले यो आफूले मात्र प्रयोग गर्न पाउने परमादेश प्रकृतिको भयो भनेर अख्तियारलाई सुरुमा केही अंकुश लगाएको थियो । तर पछि पूर्ण इजलासको व्याख्याद्वारा यसको सीमा र प्रकृति निर्धारण गरिदिएको थियो (नेकाप २०७१, जेठ, नि. नं. ९११६ पृष्ठ १२९ ) । केवल एक प्रमुख आयुक्तको कामकारबाहीलाई आधार मानेर यो प्रावधान हटाइनुहुँदैनथ्यो । अधिकारप्राप्त अधिकारीका कामकारबाही एवं निर्णयमा बद्नीयत नभए पनि कमीकमजोरी, अज्ञानता वा लापरवाहीबाट केही गलत भएको हुन सक्छ। यस्तो स्थितिमा दुष्कृति सच्याउन लेखी पठाउने अख्तियारको अधिकार हटाइदिँदा मुद्दा चलाउन पर्याप्त प्रमाण नभई उन्मुक्ति दिनैपर्ने बाध्यताले दुष्परिणाम जन्माउँछ भन्नेतर्फ संविधान बनाउँदा सोचिएन।

अख्तियारलाई उजुरीको अभाव छैन । 'देशप्रेमी नेपालीकै' नामबाट सही यी ओइरिएकै हुन्छन्। सञ्चार माध्यमले पनि भ्रष्टाचारका सूचना सम्प्रेषित गरिरहेकै हुन्छन् । केवल कसैको वृत्ति विकासमा भाँजो हाल्न, रिसइबी साँध्न, बदला लिन, आफैंलाई लाभ र प्रतिस्पर्धीलाई हानि पुर्‍याउन, कसैको बेइज्जत गर्न र पूर्वाग्रह साँध्न मात्र ती उजुरी लक्षित त छैनन् भन्ने कुरा मात्र हेरे पुग्छ । यो हेर्ने काम शुद्ध प्राविधिक रुपमा कानुन र प्रमाणमा मात्र सीमित भए उचित प्रतिफल दिन्छ। तर संरक्षणवाद हाबी भए अख्तियारमाथि संविधानले गरेको भरोसा तथा मुलुक र समाजले राखेको आस्था धरासयी हुन्छ।

मुलुकका लागि केकति र कस्ता आयोग आवश्यक छन्। र ती कानुनी मात्र भए पुग्छ कि संवैधानिक बनाउनुपर्छ ? यस विषयमा छलफल चाहिन्छ। सबै आयोगमा एक प्रमुख सहित तीन भन्दा बढी पदाधिकारी राख्न हुन्छ कि हुँदैन भन्ने प्रश्न पनि छलफलको हिस्सा हुनुपर्छ । यो छलफलले अख्तियारमा आइलाग्ने क्षति न्यूनीकरण गर्दै थप बलियो बनाउनेछ । कारण प्रत्येकका आआफ्ना नातागोता, साथीभाइ, इष्टमित्र, विचार, आस्था, अहं, हठ, लोभ, धारणा, लघुताभास, बढप्पन र गुणकारी व्यक्ति हुन्छन् नै। दुर्भाग्यवश पदाधिकारी दुराचारी पर्‍यो भने बिचौलिया यही सूचीमा सहजै समावेश हुन पुग्छ।

संरक्षणवाद भ्रष्टाचारको महाशत्रु हो। र नातागोता र गुणकारी व्यक्ति समेतका तत्व त्यसका अवयव हुन् । मुलुकका सबै क्षेत्रबाट आफ्नाको ठाउँ राम्राले पाउने, अयोग्य र बेइमानको ठाउँ योग्य र इमानदारले पाउने वातावरण बनी संरक्षणवाद निरूत्साहित हुने हो भने कम्तीमा ५० प्रतिशत भ्रष्टाचार नियन्त्रण हुनेछ। सबैतिर बनाउने होइन, बिगार्ने प्रतिस्पर्धा चलेको मुलुकमा अलिकति भए पनि आशाको दियो बल्नेछ।

पदाधिकारीका अतिरिक्त संस्थामा कार्यरत कर्मचारीको भूमिका पनि सानो हुँदैन। हिजो कमाउ कार्यालयमा बसेर अकुत कमाउने र अनेक तिकडम लगाएर चोखिन अख्तियार आउने केही कर्मचारी पनि हुन्छन् भनिन्थ्यो। अख्तियारबाट आफ्नो साविक सेवामा फर्केका केही कर्मचारी घुसको नगदसहित पक्राउ परेका घटना पनि बाहिर आएबाट त्यो हल्लामा केही सत्यता त छैन भन्ने आशंका पनि जन्मिएकै हो। सम्भवतः आज त्यस्तो छैन होला। अख्तियारमा निजामती र प्रहरी सेवाबाट कर्मचारी नल्याई आफ्नै सेवा बनाउने प्रश्न हिजो उठेको हो। म पनि त्यही पक्षमा थिएँ । तर आजको मेरो अनुभवले भन्छ, त्यो झन् प्रत्युत्पादक हुनेछ । अनुसन्धान गर्ने, प्रमाण जुटाउने र प्रमाणको

वाँकि ३ पेजमा

## तपाईको आजको राशिफल

**मेष** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ। कुटुम्बको सहयोग मिल्नेछ।

**बृष** : शुभकार्यको चर्चा चल्नेछ। मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ।

**मिथुन** : वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ। सामाजिक कार्यमा मन जाला।

**कर्कट** : योजना कार्यान्वयनमा मुस्किल पर्ला। स्वास्थ्यमा खरावी रहला।

**शिंह** : विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। आफन्तको प्रगतिमा मन रमाउनेछ।

**कन्या** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ। स्वादिष्ट भोजन पाईनेछ।

**तुला** : कामहरू अगाडी बढ्नेछन्। मनमा शान्ति र अनुहारमा कान्ति छाउला।

**वृष्चिक** : आफन्तमा खटपट र शङ्का उब्जनेछ। अधिकारका लागि संघर्ष गर्नु पर्ला।

**धनु** : लाभ, हानी, आय, व्यय, सुख, दुख वरावरी मध्यम खालको दिन छ।

**मकर** : महिलावाट विषेश सहयोग मिल्नेछ। परिश्रम गर्दा धनार्जन हुनेछ।

**कुम्भ** : दैनिक कार्यमा सफलता पाईनेछ। सामाजिक तथा धार्मिक कार्यमा रुची बढ्नेछ।

**मीन** : लेनदेनमा समस्या देखा पर्ला। व्यर्थको सास्ति खेप्नु पर्नेछ।

## सुर्खेत तथा दैलेखका अत्यावश्यक फोन नम्बरहरु

जिल्ला अस्पताल दैलेख : ०८९-४१०१२७
विद्युत कार्यालय दैलेख : ४१०१३०
जिल्ला प्रहरी कार्यालय दैलेख : १००
नेपाल टेलिकम दैलेख : ४२०१२२
जिल्ला ट्राफिक दैलेख : ९८४८०४७१९६
मध्यपश्चिम क्षेत्रीय अस्पताल : ५२०२००
माया नर्सिङ होम सुर्खेत : ५२१४०३
एम्बुलेन्स माया नर्सिङ होम ९८४८२६९९५८
एम्बुलेन्स देउती नर्सिङ होम : ५२०५२८
एम्बुलेन्स स्वास्थ्यकर्मी संघ : ९८४४८३५६६६
सुर्खेत हस्पिटल प्रा.लि. ५२५४१७
एम्बुलेन्स (रेडक्रस) ५२०३१०
जिल्ला प्रहरी कार्यालय १००, ५२०२२२
सव वाहन (सुर्खेत उ.वासंघ) :९८४८०९७७१९
जिल्ला ट्राफिक कार्यालय सुर्खेत : ५२५४९६
नेपाल वायु सेवा निगम : ५२०१३२
रेडियो ध्रुवतारा एफ. एम. : ४१००२०/२१२
जिल्ला प्रशासन दैलेख : ४१०१२६

# नेकपाको . . .

कार्यदलका एक सदस्य भन्छन् ।

प्रदेश कमिटीमा जिल्ला कमिटीले नचिनेका, योग्यता नै नपुगेका र भर्खर पार्टी प्रवेश गरेकालाई पनि जिम्मेवारी दिएको भन्दै माधव नेपाल समूहले असन्तुष्टि



प्रकट गरेको थियो । उक्त विषय स्थायी कमिटीको बैठकमा पनि निकै पेचिलो बनेपछि कार्यदललाई प्रदेश कमिटी हेरफेरको समेत म्यान्डेड दिइएको कार्यदल सदस्यको दाबी छ ।

शपथ खाए पनि जिम्मेवारी दिएका नेतालाई फिर्ता बोलाउने चलन छ, हामीले प्रदेश कमिटीमा राखिसकेलाई नहटाउने हो भने विधानमै व्यवस्था भए बमोजिम दश प्रतिशत मनोनीत गरे भए पनि असन्तुष्टिलाई सम्बोधन गरौं भन्ने प्रस्ताव अघि सार्‍यौं, त्यसमा संस्थापन पक्ष (विशेष गरी महासचिव विष्णु पौडेल) सहमत हुन सकेन ।

कार्यदलको बैठक अवरूद्ध भयो, ती सदस्य बताउँछन् ।

**समानान्तर प्रतिवेदन बुझाउने तयारी**

कार्यदलमा रहेका ९ मध्ये ५ सदस्य कार्यदललाई विफल हुन नदिने पक्षमा रहेको एक नेता बताउँछन् । कार्यदलले स्थायी कमिटीको निर्णय कार्यान्वयन गर्ने अधिकार पाएको पनि हो । झन्डै १२ दिन लगाएर गरेको निष्कर्ष नै कार्यदल हो । कार्यदलले मिहिनेत गर्ने हो भने एकीकरणको प्रक्रिया टुंग्याउन सकिन्छ । संयोजकको प्रस्तावमा हामी सहमत हुन सक्दैनौं । त्यस्तै परे समानान्तर प्रतिवेदन बुझाउँछौं, एक सदस्यले भने ।

उनका अनुसार समानान्तर प्रतिवेदनमा जिल्ला कमिटी एकीकरण, केन्द्रीय सदस्यको कार्यविभाजनको मापदण्डको प्रस्ताव, विधि र प्रक्रियाको खाकासमेत समेट्ने तयारी भइरहेको छ ।

कार्यदलले तयार पारेको प्रतिवेदन स्थायी कमिटीको बैठक बसेर अनुमोदन गर्ने कार्यादेश भएकाले आफूहरुको प्रतिवेदन पारित हुने तर्क उनीहरुको छ ।

**को-को छन् असन्तुष्ट ?**

पूर्वमाओवादीबाट ३ जना, पूर्वएमालेको संस्थापन र माधव नेपालको ३–३ जना समेटेर ९ सदस्यी कार्यदल गठन गरिएको थियो ।

संयोजकले पेश गरेको प्रतिवेदनको विपक्षमा सुरेन्द्र पाण्डे, योगेश भट्टराई, बेदुराम भुसाल छन् भने माओवादीका वर्षमान पुन र खगराज भट्टसमेत उभिएको छन् ।

स्रोतका अनुसार थापाको प्रतिवेदनमा रघुवीर महासेठ पनि सन्तुष्ट छैनन् । नेपाल समूहको एक नेतासँगको अनौपचारिक कुराकानीमा उनी कार्यदलको असफल भएको सन्देश दिन नचाहने पक्षमा रहेकाले अन्तिममा साथ दिने असन्तुष्टको विश्वास छ। चारजनाले मात्रै हस्ताक्षर गरेर प्रतिवेदन बुझाउने तयारी गरे आफूहरुले पनि भोलि नै प्रतिवेदन बुझाउने असन्तुष्ट पक्ष बताउँछन् ।

# विद्यालयमा...

बताए । कर्णाली प्रदेश योजना आयोगका सदस्य डा. दीपेन्द्र रोकायले कर्णाली प्रदेशमा रहेको ८५ प्रतिशत सिँचाईयोग्य जमिनमध्ये ५९ प्रतिशतमा सिँचाई सुविधा नपुगेको बताए । यसका लागि प्रदेश योजना आयोगले पहाडी क्षेत्रलाई ध्यानमा राखेर सिँचाईको योजना बनाउन खोजेको बताए ।

कर्णाली प्रदेशको ९७ प्रतिशत पानी खान योग्य भएकोले यसको सदुपयोगको लागि पनि योजना बनाउन आवश्यक रहेको रोकायाले औँल्याए । 'अबको सन् २०४५ पछि विश्वमा खाने पानीको हाहाकार हुने अवस्था देखिएको छ । यहाँको खानयोग्य ९७ प्रतिशत पानीलाई कसरी सदुपयोग गर्न सकिन्छ भन्ने विषयमा सोच्नु जरूरी छ सदस्य र ोकायको भनाई रहेको छ ।

# शुन्य . . .

विश्लेषण गर्ने काम कर्मचारीकै हो । अदालतले इन्साफ पार्न चाहेमा भर गर्ने प्रमाणको मूल्यांकन नै हो ।

भ्रष्टाचार मुद्दामा प्रत्यक्ष प्रमाण प्रायः हुँदैन । भर्पाइ दिएर कसैले घुस खाँदैन । घुस खाएको पैसा हाकाहाकी आफ्नै वा परिवार सदस्यको नाममा बैंकमा पनि राख्दैन । र सम्पत्तिमा पनि लगानी गर्दैन । यसो भन्दैमा भ्रष्टाचार मुद्दामा अदालतले सफाइ दिँदै जाने हो भने हामी कहाँ पुग्नेछौं, यसै भन्न सकिन्न । भ्रष्टाचार मुद्दा निरोपण गर्ने आफ्नै विधिशास्त्र हुन्छ, संक्रमणकालीन मुद्दा निरोपण गर्ने छुट्टै विधिशास्त्र भए जस्तै। यी मुद्दा सामान्य विधिशास्त्रीय आँखाले हेर्न मिल्दैन । यो कुरा नबुझ्केको कोही न्यायाधीश हुन्छ जस्तो मलाई लाग्दैन, बुझपचाउनु बेग्लै कुरा हो ।

कसैको खेतमा धान फल्दैन, सुन फल्छ, कारण पाकेको धानको बाला पनि सुन जस्तै पहेंलो हुन्छ भन्ने व्याख्या गरे पनि हुन्छ । कसैको आँपको बोटमा पात होइन डलर झुल्दछ भने पनि हुन्छ, कारण दुवैको रंग हरियो हुन्छ भन्ने तर्क तेस्र्याए पनि हुन्छ । पोखरीको माछा र चाँदीको रङ उस्तै भएकाले कसैको पोखरीमा माछा होइन, चाँदी पौडिन्छन् भनेर लेखे पनि हुन्छ । पहाडको कुनाकन्दरामा तीन रोपनी जग्गा र घरमा छ वटी छोरी हुने ससुरालीले चार किलो सुन दाइजो दिएको मानिदिँदा पनि हुन्छ । पहिले नै नम्बर टिपिएको नोट अभियुक्तका गोजीबाट बरामद भए वा घुस लेनदेन नै गरेको श्रव्यदृश्य पेस भए पनि यस्ता अभिलेखलाई फसाउने उद्देश्यले अख्तियारले गरेको ज्यादती ठानिदिए पनि हुन्छ । कसैले नाम नसुनेको पुस्तकको आम्दानी लाखौंलाख मानिदिए हुन्छ । वार्षिक दुई रुपैयाँ कर तिरेको व्यवसायको आम्दानी दुई करोड स्वीकार गरिदिए पनि हुन्छ । रोक्नेछेक्ने कोही छैन, कतै केही हुँदैन ।

मैले २०३७ सालमा कानुन शिक्षक रहँदा लेखेको रहेछु, 'न्याय भनेको न्यायाधीशको सनक हो' (न्यायदूत, अंक ३५–३६, पृष्ठ १३०) । त्यो लेखेको ३१ वर्षपछि मैले न्यायाधीशको भूमिका पाएँ र १८२५ दिन सर्वोच्च अदालतमा बिताएँ । त्यस अवधिमा म पनि कुनै दिन कुनै मुद्दामा सन्किएँ हुँला । तर मेरो आत्मा भन्छ, म सुन र धान एउटै हो भन्ने स्तरमा पक्कै सन्किइनँ । कारण म आफ्ना पूर्वज प्रति सम्मानभाव राख्छु, आगतलाई आफ्नो नाम दिन चाहन्छु । र यी सबैभन्दा बढी आफू मरेर गए पनि जिउँदो रहने भोलिको इतिहासदेखि डराउँछु । लोकलाज, घिन, शर्म सबै त्यागेपछि जे गरिदिए पनि हुन्छ । भ्रष्टाचारलाई प्रेमी र भ्रष्टाचारीलाई प्रेमिका मानिदिए पछि प्रेममा हरेक कुरा जायज हुन्छ ।

अन्तिम आदेशसरहका अन्तरिम आदेशस परमादेशसरहका अन्तरकालीन आदेश र तत्काल कार्यान्वयन आदेशपछि छलफललाई झिकाउने आदेश नजानेर गरेको भए कार्यक्षमताको अभाव हो, जानेरै गरेको भए खराब आचरण । तर सबै चुपचाप । केही आवाज उठे संरक्षणवादको हुरी चल्छ, आँधी आउँछ । कम्तीमा भ्रष्टाचार विरुद्ध त एउटै स्वर हुनुपर्ने होइन र ? हिजो आफूले गरेको ठीक, त्यही काम अरुले गरे बेठीक–यो कस्तो नैतिकता हो ?

भ्रष्टाचार मुद्दामा प्रतिवादी हिजो के थियो, आज के छ, त्यति हेरे सहजै एउटा धारणा बनाउन सकिन्छ । पैसा असिना जस्तो त्यसै ओइरिँदैन । सम्पत्ति ब्रोइलर कुखुराको चल्ला जस्तो बढ्दैन । मिहिनेत र स्रोत अपारदर्शी हुँदैन । मन शुद्ध छ भने बदनियत ठम्याउन गाह्रो हुँदैन । हिजोको गुन्द्री काम्लो आजै मार्बल र कार्पेटमा रुपान्तरित हुँदैन । हिजोको साइकल आज स्वतः कार बनेर गुड्दैन । हिजोको झुपडी आज बिनाजग महल बनेर उभिँदैन । परिस्थितिहरुको कडी नै भ्रष्टाचारको प्रमाण हो । सम्पत्तिको स्वरुप नै भ्रष्टाचारको प्रमाण हो । रहनसहनमा आउने अस्वाभाविक परिवर्तन नै भ्रष्टाचारको प्रमाण हो । परोक्ष एवं परिस्थितिजन्य प्रमाण नै भ्रष्टाचारको प्रमाण हो । भ्रष्टाचार मुद्दामा विश्वले मानी आएको सिद्धान्त यही हो ।

अख्तियार जस्तै अदालतमा पनि हिजोआज पूर्णेको जून टलपलाएको हो कि जस्तो भान पर्न थालेको छ । प्रहार ठीक ठाउँमा परेको भए यो अति राम्रो कुरा हो । बिचौलियारुपी बादलले छेक्न नसके जूनको पूर्णाकृति देखिन सक्छ कि भन्ने आशा पलाएको छ । बिचौलिया चिन्न सजिलो छैन । तर पहिले त्यसको संगतमा परिसकेका मानिसलाई भने यो असहज हुँदैन । सुनिन्छ–कुनैकुनै बिचौलियाका बैठक कोठा नै पाँचवटा छन् रे ! पहिलो सामान्य झगडिया भेट्ने, दोस्रो विशिष्ट झगडिया भेट्ने, तेस्रो सामान्य न्यायाधीश भेट्ने, चौथो विशिष्ट न्यायाधीश भेट्ने र पाँचौं रसरंग गराउने ।

सार्वजनिक पदमा नभएका बिचौलियालाई सीधै कानुनी कारबाही गर्न गाह्रो छ। न्यायपरिषद्ले मुद्दा दायर गर्न त सक्छस तर कुनै न्यायाधीशसँग जोडेर । अख्तियारले पनि बिचौलिया विरुद्ध मुद्दा दायर गर्न सक्छस तर अर्को सार्वजनिक पदाधिकारीसँग जोडेर । बिचौलिया विरुद्ध कारबाही गर्ने नै हो भने सम्पत्ति शुद्धीकरण र संगठित अपराध सम्बन्धी ऐनमा केही व्याख्या गर्ने ठाउँ छ । गर्ने नै हो भने यी ऐनमा सानो संशोधन गरेर सुरक्षित अवतरण गर्न सकिन्छ । सूचीकृत बिचौलियाहरुको टेलिफोन कल डिटेल मागेर हेरौं न ! सबै कुरा छताछुल्ल हुन्छ ।

भ्रष्टाचारको कुरा गर्दा, सर्वोपरि विषय अर्को छ । यसको चर्चाबिना यो छलफल अधुरो हुनेछ । भ्रष्टाचार भनेको भ्रष्ट आचरण हो । कुनै भ्रष्ट आचरणलाई कानुनले समेट्छ भने कुनैलाई मात्र नैतिकताले । कुनै भ्रष्टाचार कानुनी हुन्छ भने कुनै नीतिगत । अख्तियारले छुन नसक्ने नीतिगत भ्रष्टाचार नैतिकतासँग गाँसिएको हुन्छ । आफ्नो नैतिकताको परिभाषा, मात्रा र प्रकृति आफैले निर्धारण गर्ने हो । यसको मापदण्ड देशप्रेम र सदाचार हो । सदाचारबिना नैतिकता टिक्दैन । र यो गरिब जनताको गरिब देशप्रति माया भएन भने भ्रष्टाचार नियन्त्रण हुँदैन ।

हामी सबैले टेक्ने धरती एउटै छ । ओढ्ने आकाश पनि एउटै । मौका यही हो भनेर धरती भन्दा एक हात माथिबाट हिंड्ने प्रयास सदाचारको सीमाभित्र पर्दैन । शक्ति छ भन्दैमा आकाशलाई दस हात तल ओर्लेर शीतलता दे ! भन्ने आदेश दिनु सदाचार होइन । आज शक्तिरुपी प्वाँख पलायो भन्दैमा जतिसुकै माथि उडौं, एक दिन ओर्लन त धरतीमै पर्छ । खाने दालभात नै हो, हीरामोती होइन । लाउने एकसरो कपडा नै हो सुनको कवच भिरेर हिंड्न सकिन्न ।

आमाको दूध सेवन गरौं, लाम्टा नलुछौं । आफैंले आफैं र आफ्नामाथि थुपारेको सुविधाको थुप्रो, विलासिताको चाङ, सानसौकतको भीड एवं राष्ट्रिय कोषलाई लुटको धन सम्झेर फुपूको श्राद्ध गरेसरह जथाभावी बाँड्ने र खर्चिने बढ्दो प्रवृत्तिले सदाचारलाई गिज्याइरहेको पो छ कि ? पाकिस्तानका नवनिर्वाचित प्रधानमन्त्री इमरान खान र अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाका सदाचार झल्किने तस्बिर र खबरमा रमाउनुपर्ने नियतिले हाम्रा दुर्दिन अझै अन्त्य भएका छैनन् कि ?

कुशासनमा भ्रष्टाचार मौलाउँछ, सुशासनमा भ्रष्टाचार मुर्झाउँछ । सुशासन सदाचारमा मात्र सम्भव छ, सदाचारीबाट मात्र सम्भव छ । त्यसैले सदाचारी बन्ने सुरूवात सबैले आफैंबाट गरौं ! आजैबाट गरौं ! आफू उभिएको ठाउँबाट गरौं ! अन्यथा क्यालेन्डरका पाना त फेरिएलान्। तर यो सुन्दर र वैभवशाली तथा भियतनाम, मलेसिया, दक्षिण कोरिया, इन्डोनेसिया, युगान्डा र इथियोपिया भन्दा पनि बढी सम्भावना बोकेको देशलाई हरिकंगाल बनाउने भ्रष्टाचारको रोग फेरिनेछैन । बरु गाँजिँदै जानेछ, झांगिँदै जानेछ ।

(सर्वोच्च अदालतका पूर्वन्यायाधीश वस्ती, मानवअधिकार आयोगका सदस्य हुन् । वस्ती न्यायाधीश हुनुपूर्व अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कानुनी सल्लाहकार थिए । *–अन्नपुर्णपोष्टवाट*)

शर्मिला स्टेशनरी स्टोर्स गणेश चोक
स्कूलदेखि क्याम्पस स्तरका पाठ्यपुस्तक, सम्पूर्ण स्टेशनरी, लोक सेवाका किताबहरू, रिर्चाज कार्ड पाइनुका साथै नाईलन छाप, फोटोकपी, लेमिनेशन, बुक वाइण्डिङ, कार्यालयका छपाइका काम र स्तरिय छपाइका लागि सम्झनुहोस् ।
अव सम्पूर्ण सामानहरू एकै ठाउँमा ....... तपाई पनि आजै पाल्नुहोस्
प्रो० नरेन्द्र थापा
शर्मिला स्टेशनरी स्टोर्स एण्ड सौरभ अफसेट प्रेस
गणेश चौक, दैलेख
सम्पर्क : ०८९-४२०२१०

डा. महेश चौलागाई
(Dr. Mahesh Chaulagai)
NGMC, KU NMC No. 15717
मेडिकल अधिकृत
दैलेख जिल्ला अस्पताल
बिरामी चेकजांच
बिहान: ७:३० – ९:३० बजे
साँझ ५:०० – ७:०० बजे
नियमित बिरामी जांच सेवामा ५०% छुट
भिडियो एक्सरे, एक्सरे ईसिजी सेवामा २०% छुट
ल्याब सेवामा २०% छुट
दांत तथा मुख सम्बन्धी सेवामा २५% छुट
फिजिसियन, छालारोग, स्त्रीरोग हाडजोर्नी तथा नशारोगनाक, कान, घाँटी, मानसिक रोग, शल्यक्रिया,
बिरामी चेकजाँच १२ हप्ता सम्मको सुरक्षित गर्भपतन सेवा
मुटुरोग, ईसिजी, प्रिन्टरप्पा औषधी विक्रि, दाँत तथा मुख सम्बन्धी सेवा
भिडियो एक्सरे, डिजिटल एक्सरे, एम्बुलेन्स सेवा
२४ सै घण्टा आपतकालिन सेवा
पञ्चकोशी नर्सिङ्ग होम प्रा.लि.
पुरानो मल्ल मेडिकल हल, दैलेख बजार
सम्पर्क: ०८९४१००२३ / ९८५८०५०१८१

आकर्षक डिजाइन, गुणस्तरिय सेवाका लागि...
विभिन्न पुस्तकहरू ▸ गाईड ▸ स्टडीबुक ▸ 10Set ▸ उपन्यास ▸ स्टेशनरी सामान ▸ खेलकुदका सामान
च्यालेन्ज डिजाईन स्टेशनरी एण्ड बुक्स हाउस
पुरानो बजार दैलेख प्रो: विमला रावल
ठाउ एक सेवा अनेक
Flex ब्यानर, हार्ड आईडि कार्ड, भिजिटिङ्ग कार्ड
Urgent फोटो, प्रमाण–पत्र, रिबन ब्याज
Calendar, लोगो डिजाईन, सेल्फ छाप
Internet/ Landline, बिजुलीको बिल भुक्तानी, होलसेल रिचार्जकार्ड
Plane Ticket Booking, +2/B'Ed का ट्रान्सक्रप्ट ल्याइदिने सेवा, A3 फोटोकपी, कलर प्रिन्ट, फ्याक्स
सुपथ मूल्यमा होलसेल तथा फुटकर बिक्रि गरिन्छ ।
०८९-४१०१८२ ९८४८१००३४२ challengestationery@gmail.com

